मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा

Purwanchal National Daily

चाडपर्व हाम्रा सांस्कृतिक पहिचान,
मद्यपान र जुवातास विकृतिका मुहान ।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ वर्ष : २६ ◆ अङ्क : २९६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असोज ९ गते शनिवार (Saturday, September 25. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## टीकाको साइत १०:०२मा



**झापा, असोज ८।** नेपाल पञ्चाङ्ग निर्णायक समितिले यस वर्षको बडादशैंका विभिन्न साइत सार्वजनिक गरेको छ ।

असोज २१ गते बिहीबार बिहान ११:४६ बजे घटस्थापनाको साइत रहेको समितिका अध्यक्ष प्रा. श्रीकृष्ण अधिकारीले जानकारी दिए । घटस्थापनाका दिन चित्रा नक्षत्र र वैधृति योग परेकाले ११:४६ बजेअघि चित्रा नक्षत्र र वैधृति योगको शान्ति गरेर घटस्थापना गर्नुपर्छ ।

असोज २२ गते शुक्रबार झण्डा फेर्ने साइत ११:५६ बजे रहेको छ । पश्चिम फर्केर झण्डा फेर्नुपर्ने उनले जानकारी दिए । असोज २५ गते सोमबार पचली भैरव यात्रा गरिन्छ । असोज २६ गते मङ्गलबार फूलपाती परेको छ । फूलपाती बेलुकीको समयमा गरिने र यसको साइत आवश्यक नपर्ने अध्यक्ष प्रा. अधिकारीले बताए ।

फूलपातीकै दिन तुलजा भवानीलाई मूल मन्दिरबाट हनुमानढोकाको मूलचोकमा यात्रा गराइन्छ । मूलचोकमै भवानीलाई साक्षी राखेर महाअष्टमीका दिन राति कालरात्रि पूजासहित राज्यकोतर्फबाट बोका र राँगाको बलि दिइन्छ । तुलजा भवानी यात्राको साइत बिहान ७: ११ बजे रहेको छ । तुलजा भवानीलाई बिहान ८:४४ बजे स्थिरासन गराइन्छ । असोज २७ गते बुधबार महाअष्टमी, त्यसै राति कालरात्रिको पूजा गर्नुपर्ने समितिले जनाएको छ ।

असोज २८ गते बिहीबार महानवमी पर्व मनाइन्छ ।

(बाँकी अन्तिम पृष्ठमा)

# प्लाष्टिक झोलाको प्रतिबन्ध बजेट भाषणमा मात्रै

**झापा, असोज ८।** सरकारले आर्थिक वर्ष २०७८/०७९ को बजेट भाषणमा उल्लेख गरी ४० माइक्रोन भन्दा पातलो झोलालाई पूर्ण रुपमा प्रतिवन्ध लगाएको छ । इतर, झापा सहित पूर्वका वजारमा ४० माइक्रोन भन्दा पातला प्लाष्टिकका झोला छ्याप्छ्याप्ती पाइन्छन् ।

वातावरण विभागले १ साउनदेखि ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकका झोला उत्पादन, बिक्री वितरण र प्रयोगमा प्रतिबन्ध लगाउने सरकारको निर्णय कार्यान्वयनका लागि आग्रह गरेको थियो । तर, झापा सहित पूर्वका व्यापारीले वातावरण विभागको आग्रहलाई वेवास्ता गरेका छन् ।

विभागका अनुसार डिपार्टमेन्टल स्टोर, सपिङमल, व्यापारिक प्रतिष्ठानमा प्लाष्टिकको झोलाको सट्टा सूती, जुट वा कागजको झोला प्रयोग गर्नुपर्नेछ । तर झापासहित पूर्वका अधिकांश ठूला डिपार्टमेन्टल स्टोरदेखि सपिङ मल र साना पसलेहरुले समेत प्लाष्टिकको झोला प्रयोग गर्न छाडेका छैनन् ।

सरकारले बजेट वक्तव्यमा ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकका झोला वा सीट उत्पादन गर्ने उद्योगले पुरानो मेसिनको पाटपूर्जा प्रतिस्थापन गरी नयाँ जडान गरेमा थप लगानी बराबरको रकम पुँजीगत अनुदान उपलब्ध गराउने घोषणा समेत गरेको छ ।

उता पश्चिम नेपालमा भने ४० माइक्रोनभन्दा



कम तौल भएका प्लाष्टिकका झोला नेपाल भित्रिन नदिन सरकारले थप कदम अघि सारेको छ । वातावरण प्रदुषणको मुख्य कारण भन्दै वन तथा वातावरण मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गरी झोला उत्पादन, प्रयोग र बिक्री वितरणमा पूर्णरुपमा प्रतिवन्ध लगाएको थियो ।

सो निर्णयपछि चामल, चाउचाउ, बिस्कुट, पानी लगायतका खाद्यान्न तथा पेयपदार्थको प्याकेजिङमा आवश्यक पर्ने प्लाष्टिकको कच्चा पदार्थ बोकेका कन्टेनर सीमा नाकामै रोक्न शुरु गरेको छ ।

भैरहवामा प्लाष्टिकको सामग्री बोकेका १५देखि २० वटा कन्टेनर रोकिएका छन् भने विरगञ्ज, विराटनगर सीमा नाकाबाट पनि नेपाल भित्रिन नदिइएको उद्योगी व्यवसायीले जनाएका छन् ।

प्लाष्टिकको सिट बिना कुनै खाद्य बस्तु, पानी, सुई लगायतको प्याकेजिङ गर्न नमिल्ने हुनाले उद्योगहरुनै धराशयी बन्ने अवस्थामा पुगको नेपाल उद्योग वाणिज्य महासंघका उपमहानिर्देशक गोकर्ण अवस्थीले जानकारी दिए । व्यवहारिक पक्षको अध्ययन बिनै आएको निर्णयले कतिपय उद्योग बन्द हुने अवस्थामा नै पुगेको उनले बताए ।

सरकारले आर्थिक वर्ष २०७८/०७९को बजेट भाषणमा नै उल्लेख गरी ४० माइक्रोन भन्दा पातलो झोलालाई पूर्ण रुपमा प्रतिवन्ध लगाउने जनाएको थियो । सोही अनुसार ४० माइक्रोनभन्दा कम तौल भएका प्लाष्टिकमा प्रतिवन्ध लगाएको वन तथा वातावरण मन्त्रालयका प्रवक्ता बुद्धिसागर पौडेलले जानकारी दिए । झोलामा मात्र प्रतिबन्ध लगाउँदा प्रभावकारी नदेखिएकाले आयात र बिक्री र प्रयोगमै रोक लगाइएको उनले बताए ।

व्यवसायीका मागबारे आफूहरु जानकार रहेको र यसविषयमै छिट्टै छलफलमा गरेर निष्कर्षमा पुग्ने वातावरण मन्त्रालयले जनाएको छ ।

## पार्सल पठाइ दिन्छु भन्दै ठग्ने पक्राउ

**काठमाडौं, असोज ८।** सामाजिक सञ्जाल फेसबुक, मेसेन्जर, ह्वाट्स एप, इमो प्रयोगकर्तालाई पार्सल पठाइ दिन्छु भन्दै नगद पाँच लाख १० हजार रुपैयाँ ठगी



गरको अभियोगमा भारत दार्जीलिङ शिलगढी पानीघट्ट बजार घर भएका ३३ वर्षीय सन्दीप क्षेत्रीलाई बिहीबार प्रहरीले पक्राउ गरेको छ ।

उनले फेसबुकमा आफूलाई यूके नागरिक हुँ भन्दै न्यानसी माइकलको नामबाट महिला प्रयोगकर्ताहरुलाई फ्रेन्ड रिक्वेस्ट पठाई प्रेम समेत गर्ने बताएर बिभिन्न प्रकारका उपहारहरु पार्सल पठाएको भनी बताएको र बिभिन्न कागजातसहित पार्सल ट्र्याकिङ गर्ने नम्बर समेत उपलब्ध गराई पीडितलाई बिश्वासमा पारी उक्त नगद ठगी गरेको उजुरीको आधारमा महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय झापाको समन्वयमा उनलाई झापाबाट पक्राउ गरेको हो ।

अनुसन्धानको क्रममा सन्दीप प्रेन्टि क्रोस्टल ( पानीटंकी शिलगढी) चर्चका पादरी रहेको र चर्चको बिभिन्न धार्मिक कार्यक्रममा भेट भएका महिलाहरुलाई क्रिस्चियन धर्मसँग सम्बन्धित विभिन्न संघ-संस्था तथा व्यक्तिहरुले सहयोग गरेको रकम आफ्नो खातामा झिकाउन नमिल्ने भएको भनी विश्वासमा पारी खाता खोल्न लगाई आफूले ठगी गरेको रकम निज महिलाहरुको खातामा जम्मा गरी महिलाहरु मार्फत भुक्तानी लिने गरेको खुल्न आएको छ । उनलाई आवश्यक कारवाहीको लागि महानगरीय प्रहरी परिसर काठमाडौं पठाइएको र सो सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त महाशाखाले जनाएको छ ।

## अर्जुनधारामा १७००० बढीले लगाए कोरोनाबिरुद्धको खोप

**अमित खम्बू**

**अर्जुनधारा, असोज ८।** कोभिड-१९ बिरुद्धको खोप कार्यक्रम सञ्चालन भए यता झापाको अर्जुनधारा नगरपालिकामा हालसम्म १७ हजार एक सय ११ जनालाई खोप लगाएका छन् ।

नगर स्वास्थ्य शाखाका अनुसार खोप लगाउनेमा आठ हजार पाँच सय ७७ जना पुरुष र आठ हजार पाँच सय ३४ जना महिला रहेका छन् । उक्त विवरण गत आर्थिक वर्षको फागुन २३ देखि गत भदौ ३१ सम्म सञ्चालन भएको खोप कार्यक्रमको हो ।

त्यसैगरी खोपको दुवै मात्रा पूरा गर्नेको संख्या छ हजार ९८ जना पुरुष र पाँच हजार दुई सय ६ जना महिलासहित जम्मा ११ हजार तीन सय चार जना रहेका छन् । उनीहरुलाई कोभिशिल्ड, एष्ट्राजेनेका, भेरोसिल र जोन्सन एण्ड जोन्सनको खोप लगाइएको हो ।

यसैबीच नगरपालिकाले असोज १० र ११ गते खोप कार्यक्रम सञ्चालन गर्ने भएको छ । नगर प्रमुख एवम् खोप समन्वय समितिका संयोजक हरिकुमार रानाको अध्यक्षतामा शुक्रबार बसेको बैठकले उक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको हो ।

उक्त कार्यक्रम ४५ वर्ष वा सो भन्दामाथिका पहिलो खोप लगाउन बाँकी नगरवासीहरु तथा भेरोसिल खोपको पहिलो मात्रा लगाएको २१ दिन पूरा भई दोस्रो मात्रा छुट भएकालाई लक्षित गरी सञ्चालन गरिने नगर कार्यपालिकाको कार्यालयद्वारा जारी सूचनामा

(बाँकी अन्तिम पृष्ठमा)

# कांग्रेसको आज पालिका अधिवेशन

**बिर्तामोड, असोज ८।** नेपाली कांग्रेसको चौधौं महाधिवेशन अन्तर्गत झापाका पालिकातहको निर्वाचनका लागि १५ वटै पालिकाहरुमा मतदान केन्द्र तय गरिएको छ ।

निर्वाचनको पूर्वतयारीका क्रममा सबै पालिकामा पुगेका मतदान अधिकृत र स्थानीय पार्टी कार्यसमितिबीचको समन्वयमा मतदान स्थल तय गरिएको हो भने सहमतिको सम्भावना भएका पालिकाहरुमा सहमतिको प्रयास पनि जारी छ । आकांक्षीहरुबीचमा सहमति गराएर सर्वसम्मत नेतृत्व चयनका लागि विभिन्न पालिकाहरुमा पहल जारी राखिएको नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले जानकारी दिए । उनका अनुसार अर्जुनधारा नगरपालिकामा सभापतिबाहेक सबै पदाधिकारीका आकांक्षीहरुबीच सर्वसम्मत गरिएको छ ।

नगर समितिमा प्रत्येक वडाबाट १ महिलासहित ३ जना चयन हुने ३३ जना सदस्य



र समावेशी कोटा अन्तर्गत चयन हुने २२ जना सदस्यका विषयमा ९० प्रतिशत कोटामा सहमति भइसकेको नेपाली कांग्रेस झापा प्रचारप्रसार विभागका संयोजक कृष्ण हुमागाँईले जानकारी दिए । आकांक्षीहरुका बीचमा भएको छलफलपछि उपसभापतिमा प्रशान्त भण्डारी र चतुर्भुज काफ्ले, सचिवमा इन्दिबर खड्का र मेदनी गुरागाँई, सहसचिवमा इशान पौडेल र निरज दाहाललाई सर्वसम्मत रुपमा चयन गरिएको हो ।

उम्मेदवारी घोषणा गरेर पनि सर्वसम्मत नेतृत्व चयनका लागि सहयोग पुऱ्याउने गंगा मैनाली, जीवन भण्डारी, भाष्कर भट्टराई, खेम अधिकारी र इन्द्र पौडेललाई पनि पार्टीका विभिन्न तहमा जिम्मेवारी दिन पहल गरिने हुमागाँईले बताए । यसैबीच अर्जुनधारा नगर समिति सभापतिका लागि उम्मेदवारी घोषणा गरेर चुनावी प्रचारप्रसार गरिरहेका हेमराज खरेल र भीष्म मिश्रबीच पनि सहमति गराउने पहल भइरहेको बताइएको छ ।

सर्वसम्मत पदाधिकारी चयनपछि आयोजित भेलामा बोल्दै नेपाली कांग्रेस केन्द्रीय सदस्य केशवकुमार बुढाथोकीले नेतृत्वको विवेकले भ्याएसम्म सबैलाई न्याय दिएको बताए । कांग्रेसलाई कमजोर बनाउन विपक्षीले अनेक झमेला र घुसपैठ गराउनसक्नेतर्फ सचेत रहन समेत नेता बुढाथोकीले सम्पूर्ण कार्यकर्तामा आग्रह गरे ।

कार्यक्रममा नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले कार्यकर्ता एवम् चुनावी प्रतिष्पर्धामा उत्रिएका नेतृत्वबीचको सहमति, सहकार्य एकता र मेलमिलापले नजिकिएको स्थानीय, प्रदेश र संघीय तीनै तहका उम्मेदवारले विजय प्राप्त गर्ने धारणा राखे । झापाको अर्जुनधारामा सहमतिमै नेतृत्व चयन हुने र विभिन्न पालिकाहरुमा सहमतिमै नेतृत्व चयनको पहल जारी रहेको बताउँदै उनले लोकतान्त्रिक पद्धति अनुरुप प्रतिष्पर्धामा उत्रिएका नेतृत्वले प्रतिष्पर्धी भावना नराखी पार्टीलाई एकढिक्का बनाउन आह्वान समेत गरे । नेपाली कांग्रेस झापा क्षेत्र नं. २का सभापति खगेन्द्र मैनालीको सभापतित्वमा सम्पन्न कार्यक्रममा महासमिति सदस्य दीपक तामाङ, महाधिवेशन प्रतिनिधि पुष्प ओझा, राजकुमार बराइली लगायतको उपस्थिति रहेको थियो ।

(बाँकी अन्तिम पृष्ठमा)

# मौसमी फ्लूका विरामी बढे

**झापा, असोज ८।** कोभिड महामारीबीच पछिल्लो समय नेपालमा मौसमी फ्लुको समस्या बढेको चिकित्सकहरूले बताएका छन् ।

स्वास्थ्य मन्त्रालयले भने सरकारी प्रणालीमा फ्लू असामान्य वृद्धि भएको नदेखिएको जनाएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक तथा मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद पौडेल भन्छन्- तर छिटफुट केसहरु रिपोर्ट भइरहेका छन्। साना बालबालिकाहरू घ्यारघ्यार गराउने भाइरसबाट सङ्क्रमित भएको सूचना छ ।

मौसमी फ्लूप्रति सर्वसाधारणहरूले पहिले त्यति ध्यान दिने नगरेको भए पनि कोभिडका कारण मानिसहरू गम्भीर हुन थालेको बताइएको छ । कोरोनाभाइरस सङ्क्रमणसँग मिल्दोजुल्दो लक्षण भएकाले सर्वसाधारणहरू बढी त्रसित भएको चिकित्सकहरूले बताएका छन् ।

**नेपालमा मौसमी फ्लू कुन समयमा बढ्छ ?**

हालको मौसममा नियमित रूपमा नेपालमा मौसमी फ्लू देखिने हुँदा आत्तिइहाल्नु पर्ने अवस्था नरहेको पौडेल बताउँछन् । तर, सर्वसाधारणहरू सचेत भने रहनुपर्ने उनको भनाइ छ ।



शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल क्लिनिकल अनुसन्धान एकाइका प्रमुख डा. शेरबहादुर पुनका अनुसार नेपालमा फेब्रुअरी - मार्च महिना र जुलाईदेखि सेप्टेम्बर महिनामा फ्लूबाट सङ्क्रमित हुनेहरूको संख्या बढ्ने गरेको पाइन्छ । अझ तुलना गर्ने हो भने त यो जुलाई - अगस्टतिर बढी हुन्छ- उनले भने । गत फेब्रुअरी - मार्च महिनातिर अस्पताल आएकाहरूले फ्लूका कारण हप्तामै दुई-तीन पटकसम्म कोभिड परीक्षण गरेको पाइएको उनले जानकारी दिए ।

काठमाडौं मात्र नभएर भरतपुर र पोखरा लगायतका शहरहरूमा पनि फ्लूबाट बिरामी परेकाहरूको संख्या बढेको पाइएको उनले बताए । 'तीन-चार हप्ता अघिसम्म त अलि धेरै नै तथ्याङ्क देखिन्छ । नेपालभरि हप्तामा १५० भन्दा बढी पुष्टि भएको देख्छु'- डा. पुनले भने- पछिल्लो दुई हप्तादेखि भने अलि तल ओर्लिएको देखिन्छ ।

**नेपालमा देखापरेका मौसमी फ्लू के हुन् ?**

डा. पुनका अनुसार नेपालमा सामान्यतया इन्फलुएन्जा ए बढी फैलिन्छ भने इन्फ्लुएन्जा बी तुलनात्मक रूपमा कम फैलिन्छ । टाइप ए इन्फ्लुएन्जा महामारी जस्तै गरी फैलिन सक्ने भए पनि टाइप बीले भने सामान्यतया त्यस्तो अवस्था सृजना नगराउने उनको भनाइ छ ।

तर, पछिल्लो दुई हप्तामा चाहिँ फ्लू बीले अग्रता लिइरहेको देखिन्छ- उनले भने । बीले मैरै चिनेको कतिपय एकदमै थला परेको पाएँ । उहाँहरू बरु कोभिड लाग्दा यस्तो परेको थिएन, यो कडा भयो भन्छन् । फ्लूको लक्षण कति कडा हुन्छ भन्ने विषयमा सामान्यतया चिकित्सकहरूले टाइप एलाई बढी कडा मान्ने गरेको भए पनि टाइप बी पनि उत्तिकै कडा देखिएको र पछिल्लो दुई हप्तामा त्यो

(बाँकी अन्तिम पृष्ठमा)

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि

सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६

नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ ।

**कर्मचारी तु-आवश्यकता**

पिपल सपिङ्ग मार्टलाई निम्न कर्मचारीको तुरुन्त आवश्यकता भएको हुँदा इच्छुक तथा योग्य व्यक्तिले सम्पर्क गर्नुहोला ।

| क्र.सं. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १. | Sale Boy / Girls | ५ जना | +२ पास ६ महिना डिपार्टमेन्ट स्टोरमा काम गरेको |
| २. | Cosmetic Girls | २ जना | +२ पास, साथै कस्मेटिक क्षेत्रमा काम गरेको |

एसएलसी पास गरेको तर काममा अनुभव भएका साथै +२ पास गरी काममा अनुभव नभएकाले पनि सम्पर्क गर्न सक्नु हुनेछ ।

**आवश्यक कागजातः** नागरिकताको प्रतिलिपि र चार वटा पासपोर्ट साइजको फोटो
**तलब :** आपसी समझदारीमा तय गरिनेछ ।
**सम्पर्क गर्ने अन्तिम मिति :** असोज १५ गतेसम्म

**पिपल सपिङ्ग मार्ट**

बिर्तामोड-२, चारपाने (फोनः ९८१४०७५२०१)

# वीरता लेडी जेसीज 'उत्कृष्ट'



**बिर्तामोड, असोज ८।** वीरता लेडी जेसीजलाई नेपाल जेसीजले दुई विधामा उत्कृष्ट घोषित गर्दै सम्मान गरेको छ। झापाको विर्तामोडमा रहेको सामाजिक काममा क्रियाशील यो संस्थाले सन् २०२१ अन्तर्गत विभिन्न उत्कृष्ट कार्य गरेको भन्दै नेपाल जेसीजले सम्मान गरेको हो।

उत्कृष्ट महिला सशक्तीकरण कार्यक्रम क्षेत्र (क) र उत्कृष्ट कोरोना सचेतना कार्यक्रम क्षेत्र (क) द्वारा वीरता जेसीजलाई सम्मान गरेको अध्यक्ष स्वस्तिका आचार्यले जानकारी दिइन्। नेपाल जेसीजको आयोजना तथा इनरुवा जेसीजको आतिथ्यमा असोज ६ र ७ गते सम्पन्न क्षेत्र 'क' सम्मेलनमा वीरता लेडी जेसीजको उत्कृष्ट कार्यको मूल्यांकन गर्दै सो अवार्ड प्रदान गरिएको नेपाल जेसीजले जनाएको छ। कार्यक्रममा नेपाल जेसीजका राष्ट्रिय अध्यक्ष अरुणेश्वर खनालले अवार्ड प्रदान गरेका थिए। कार्यक्रममा क्षेत्र (क) का ४१ वटै शाखाका अध्यक्ष लगायत पदाधिकारीहरु, नेपाल जेसीजका पूर्व र वर्तमान पदाधिकारीहरु साथै देशभरका जेसीज अभियन्ताहरुको सहभागिता रहेको थियो।

यसैबीच वक्तृत्वकला प्रतियोगितामा पनि वीरता लेडी जेसीजले दोस्रो स्थान हासिल गरेको छ। परिवर्तनका लागि उठौं, मानव विकासका लागि नेतृत्वका अभ्यासहरू परिवर्तनका लागि जागौं, मानव विकासका लागि नेतृत्वका अभ्यासहरू शीर्षकमा आफ्नो प्रस्तुति राखेर वीरता लेडी जेसीजकी कृतिका आचार्यले दोस्रो स्थान हासिल गरेकी हुन्। उनले मेडल, प्रमाणपत्र र अवार्ड प्राप्त गरिन्। क्षेत्र (क) का ४१ वटा शाखा मध्येबाट १० जना प्रतिस्पर्धी रहेका थिए।

# दुर्घटनामा दुई जनाको मृत्यु

**इलाम, असोज ८।** इलाम माईजोगमाई गाउँपालिका-५ सोयाङ गणेश गोलाइमा रोकी राखेको पिकअप गाडी पछि सर्दा किचिरे सोही गाडीमा सवार एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा सोही स्थानका ५७ बर्षीय खिरकुमार तामाङ रहेका छन्। विहीवार इलाम बजारबाट सोयाङतर्फ जाँदै गरेको मे १ च ६३४४ नम्बरको पिकअप गाडी रोकिएको बेला सोही गाडीमा सवार तामाङ पिसाब फेर्न गएको अवस्थामा अचानक गाडी पछाडि सर्दा तामाङको किचेर घटनास्थलमा नै मृत्यु भएको थियो। पिकअप र चालक इलाम सन्दकपुर गाउँपालिका-१ माईपोखरीका ३० बर्षीय महेश राई जिल्ला प्रहरी कार्यालय इलामको नियन्त्रणमा रहेका छन्।

उता मोरङ बुढीगंगा गाउँपालिका-१ शान्ति चौकस्थित कोशी लोकमार्गमा बसको ठक्करबाट साइकलयात्रीको मृत्यु भएको छ।

मृत्यु हुनेमा मोरङ बेलबारी नगरपालिका-८ डाँगीहाटका ५१ बर्षीय देबेन्द्र पन्त रहेका छन्। विहीवार विराटनगर आउँदै गरेको को १ ख ७५४८ नम्बरको बसले सोही दिशा जाँदै गरेको साइकल पछाडिबाट ठक्कर दिँदा गम्भीर घाइते भएका साइकलचालक पन्तको कोशी अस्पताल विराटनगरमा मृत्यु भएको हो। बस र चालक सुनसरी रामधुनी नगरपालिका-५का ५३ बर्षीय शिबबहादुर पौडेल जिल्ला प्रहरी कार्यालय मोरङको नियन्त्रणमा रहेका छन्।

# कपाल छोटो पारिदिएपछि....

**भारत, असोज ८।** भारतमा एउटा उपभोक्ता अदालतले गलत कपाल काटिदिएका कारण एउटा शैलुनलाई दुई करोड भारतीय रुपैयाँ ( तीन करोड २० लाख नेपाली रुपैयाँ) क्षतिपूर्ति तिर्न आदेश दिएको छ।

कपाल काटिएकी महिलाले कपाल सम्बन्धी सामग्री बनाउने कम्पनीहरूबाट लामो कपालकै कारण काम पाउने गरेको अदालतको ठहर छ। उक्त सैलुनले उनले भने विपरीत छोटो हुने गरी कपाल काटिदिएको थियो जसका कारण उनले ठूलो घाटा व्यहोर्नुपरेको अदालतले उल्लेख गरेको छ। दिल्लीको एउटा होटेल समूहको हिस्सा रहेको उक्त सैलुनले फैसलाविरुद्ध पुनरावेदनमा जान पाउने छ। तर, उसले फैसलाबारे आफ्नो धारणा सार्वजनिक गरिसकेको छैन।

ती महिलाले 'आफूले अपेक्षा गरेको काम गुमाएको र ठूलो घाटा व्यहोरेका कारण जीवनशैली नै पूरै परिवर्तन भएकाले प्रख्यात मोडल बन्ने उनको सपना चकनाचुर भएको'- नेशनल कन्ज्युमर डिस्प्युट रिड्रेसल कमिशनले भनेको छ। कपाल काट्दा गरिएको लापरबाहीका कारण उनी गम्भीर मानसिक समस्या र आघातबाट गुज्रिएको एवम् काममा ध्यान दिन नसक्दा कामनै गुमाएको- उसले उल्लेख गरेको छ।

सन् २०१८ मा ती मोडल कपाल काट्नका लागि उक्त होटेलमा पुगेकी थिइन र आफ्नो कपाल काट्ने विषयबारे कर्मचारीलाई स्पष्ट निर्देशन दिएकी थिइन्। तर, हेयर स्टाइलिस्टले उनको कपालको अधिकतम् हिस्सा काटिदिएका थिए। अदालतको काजगात अनुसार उनको कपाल 'जम्मा चार इञ्च' रहने गरी काटिएको थियो।

'उनले ऐनामा आफूलाई हेर्न छोडिन्। उनी जनसम्पर्क अधिकृत हुन् र उनले बैठक अनि अन्तरक्रियामा सहभागी हुनुपर्ने हुन्छ। तर छोटो कपालका कारण उनले आफ्नो आत्मविश्वास गुमाइन्- अदालतको फैसलामा भनिएको छ। जब उनले शैलुन समक्ष गुनासो गरिन् उनलाई कपालको निःशुल्क स्याहार गरिदिने प्रस्ताव गरिएको थियो।

## कांग्रेसको ...

यसैबीच असोज ९ बाट शुरु हुने निर्वाचनमा लागि मेचीनगरको धुलाबारी माविमा निर्वाचन केन्द्र तय गरिएको छ। यसैगरी बुद्धशान्तिमा नेपाली कांग्रेस गाउँ समितिको कार्यालय बुधबारे, अर्जुनधाराको नेपाली कांग्रेस नगर समितिको कार्यालय अर्जुनधारा-७, विर्तामोडको महेन्द्र रत्न मावि अनारमनी, भद्रपुरमा एनसीडीसी भवन भद्रपुर, कचनकबलमा सुकुनाढिकी सामुदायिक भवन पथरिया, हल्दिबारीमा जयदुर्गा मन्दिर हल्दिबारी-४, बाह्रदशीमा ज्येष्ठ नागरिक भवन, कनकाईमा उद्योग बाणिज्य संघको सभाहल, शिवसतासीमा राष्ट्रिय रमणीय मा.वि. शिवसतासी, कमल गाउँपालिकामा नेपाली कांग्रेस गाउँ समितिको कार्यालय, दमकमा दिपिनी मावि दमक-५, गौरादहमा गौरादह बहुमुखी क्याम्पस र गौरीगञ्जमा गौरीगञ्ज क्याम्पसलाई मतदान स्थलतय गरिएको मतदान अधिकृतहरुले जनाएका छन्।

क्षेत्रीय प्रतिनिधिले मात्रै मतदान गर्ने यसपटकको निर्वाचनमा झापाबाट तीन हजार तीनसय ६८ जनाले मतदान गर्नेछन्। गाउँ एवम् नगरपालिकाको निर्वाचनका लागि सभापतिको उम्मेदवार हुन क्षेत्रीय प्रतिनिधि अनिवार्य हुनुपर्नेछ भने पदाधिकारी तथा सदस्यमा क्रियाशील सदस्यले पनि उम्मेदवारी दिन पाउनेछन्। तर, क्रियाशील सदस्यहरुले पदाधिकारी र सदस्यमा उम्मेदवारी दिए पनि मतदान गर्ने अधिकार भने प्राप्त छैन।

यसपटकको निर्वाचनमा सबैभन्दा बढी मेचीनगरमा-४९६ क्षेत्रीय प्रतिनिधिले मतदान गर्नेछन् भने हल्दिबारीमा सबैभन्दा कम ११० जनाले मतदान गर्नेछन्। यसैगरी बुद्धशान्तिमा १३७, अर्जुनधारामा २४४, बिर्तामोडमा २८०, भद्रपुरमा २३९, कचनकबलमा १६५, बाह्रदशीमा १६०, कनकाई १८६, शिवसतासीमा ३६८, कमलमा १३७, दमकमा ३२६, गौरादहमा २४६, गौरीगञ्ज १२६ जनाले मतदान गर्नेछन्।

कार्यसमितिमा सबैभन्दा बढी मेचीनगरमा- सातजना पदाधिकारीसहित ८२ जना र सबैभन्दा कम हल्दिबारीमा ३२ जना निर्वाचित हुनेछन्।

यसपटकको निर्वाचनमा सभापति-१, उपसभापति-२, सचिव-२, सहसचिव-२ र क्रियाशिल सदस्य र वार्ड संख्याको आधारमा सदस्य निर्वाचित हुनेछन् भने कोषाध्यक्ष निर्वाचित सदस्यमध्येबाट मनोनयन गरिने कांग्रेसको विधानमा उल्लेख छ।

## टीकाको ...

असोज २९ गते शुक्रबार विजयादशमी पर्व परेको छ। घटस्थापनाका दिनदेखि पूजा आराधना गरिने देवीलाई बिहान ८:१९ बजे विसर्जन गरिने साइत छ। बिजयादशमीका दिन साइत खोजेर टीका लगाउनेका लागि बिहान १०:०२ बजेको साइत शुभ रहेको छ। टीका लगाउने मानिस पूर्व फर्कनुपर्ने समितिले जनाएको छ। त्यस दिनदेखि कोजाग्रत पूर्णिमासम्म दुर्गा भवानीको प्रसाद लगाउन सकिन्छ।

विजयादशमीका दिन बिहान ७:०१ बजे तुलजा भवानीलाई मूल चोकबाट मूल मन्दिरमा फिर्ती यात्रा गराइने साइत छ। तुलजा भवानीलाई बिहान ८:३२ बजे स्थिरासन गराइने साइत पनि समितिले निकालेको छ। खड्गयात्रा पनि यसै दिन गरिने छ। आश्विन शुक्ल पूर्णिमाका दिन कात्तिक २ गते सबै बलि पूर्ति गरिन्छ। त्यसै रात कोजाग्रत पूर्णिमा पर्व मनाइन्छ।

## मौसमी ...

झन् 'आक्रामक भएर गएको देखिएको' उनले जानकारी दिए। पछिल्लो तथ्याङ्क अस्पताल आउनेहरूले गरेको परीक्षणमा आधारित रहेको तर त्यसले समुदायमा फ्लू प्रशस्त छ भन्ने अनुमान गर्ने सकिने उनको भनाइ छ।

**टाइप ए र बीमा के फरक हुन्छ ?**

चिकित्सकहरूका अनुसार दुवै फ्लूमा ज्वरो आउने, खोकी लाग्ने, घाँटी दुख्ने, जिउ दुख्ने र कसैलाई पखाला लाग्ने जस्ता लक्षण देखिन्छ। तर, बर्ड फ्लू, स्वाइन फ्लू र हङकङ फ्लू जस्ता सङ्क्रमणका लक्षण कडा हुने उनको भनाइ छ। यी सबै टाइप ए अन्तर्गत पर्छन्। इन्फ्लुएन्जा बी अन्तर्गत चाहिँ दुई वटा प्रकार फ्लू छुट्याइएको हुन्छ। ती दुई प्रकार यामागाटा र भिक्टोरिया हुन्। नेपालमा भिक्टोरिया बढी देखिने गरेको पुनले जानकारी दिए।

पछिल्लो समयमा भने यी दुवै प्रकार भित्र नपर्ने टाइप बीको अर्को खाले इन्फ्लुएन्जा नेपालमा देखिएको उनको बुझाइ छ। त्यो नयाँ प्रकारको फ्लुले कडा लक्षण उत्पन्न गराइरहेको हो वा अरू नै केही हो भन्ने कुरा भने आफूले भन्न सक्ने अवस्था नरहेको उनले बताए।

**फ्लू कि कोभिड आफैं थाह पाउन सकिन्छ ?**

चिकित्सकहरू त्यस्तो गर्न सहज नरहेको बताउँछन्। यसका लागि चिकित्सककै सहारा लिनुपर्ने हुन्छ। कोभिड वा मौसमी फ्लू के हो भन्ने कुरा छुट्याउन चिकित्सकहरूलाई समेत सहज नहुने बताइन्छ।

त्यसै कारण सङ्क्रमण वा लक्षण भएका व्यक्तिहरूले कोभिडका साथै फ्लूको पनि परीक्षण गर्दा राम्रो हुने डा. पुन बताउँछन्। 'यो दुईवटाको उपचार र परामर्श बिलकुल फरक हुन्छ'- उनले भने। सामान्यतया स्वाद र गन्ध हराएको अवस्थामा फ्लूको लक्षण भएका व्यक्तिलाई कोभिड भएको हुन सक्ने रूपमा हेरिने गरेको चिकित्साहरू बताउँछन्। तर कोभिड लागेका अधिकांशमा देखिने यस्तो लक्षण सबैमा भने नदेखिने डा. पुनको भनाइ छ। फ्लू लागेका बेला नाक बन्द भएका कतिपय बिरामीहरूमा गन्ध हराउने वा गन्ध नआउने हुन सक्ने डा. पौडेल बताउँछन्। त्यसकारण पनि परीक्षण गर्नु उचित रहेको चिकित्सकहरूको मत छ। ज्वरो बढी रहे वा सास फेर्न गाह्रो भए बिरामी अस्पताल जानुपर्ने डा. पौडेल सुझाउँछन्।

**फ्लू कति घातक हुन्छ ?**

नेपालमा मौसमी रुघाखोकीलाई सामान्य रूपमा लिइने गरेको कुरा चिकित्सकहरू पनि स्वीकार्छन्। केही दिन आराम, आहारको सन्तुलन र न्यानो गरेर बस्दा मौसमी फ्लु आफै निको हुने अनुभव धेरैले गर्ने गरेका छन्।

तर, बिरामी हुने क्रम लामो समयसम्म चल्यो वा थप जटिल अवस्था हुँदै गयो भने चिकित्सकहरूको सम्पर्कमा जानुपर्ने हुन्छ। निमोनियादेखि अन्य अङ्गमा प्रभाव पार्न सक्ने हुँदा मौसमी फ्लूलाई कम आँक्न नहुने बताइन्छ। 'चार पाँच दिन घरमै झोलिलो कुरा खाएर बस्न सकिन्छ। तर, निरन्तर लक्षण देखियो वा सो लक्षण थप जटिल हुन थाल्यो भने चिकित्सकको सम्पर्कमा जानुपर्ने हुन्छ'- डा. पौडेलले भने।

कोभिड महामारीकाबीच सुरक्षाका मापदण्ड अपनाएर परिवारसँगै बस्न सकिने उनको भनाइ छ। हेलमेल भने धेरै गर्न हुँदैन। मौसमी फ्लुबाट ग्रसित व्यक्तिले प्रशस्त पानी पिउनुपर्ने र ज्वरो आएको अवस्थामा सिटामोल खान सक्ने पौडेल बताउँछन्।

**कुन उमेरका मानिसमा बढी जोखिम छ ?**

यसको उच्च जोखिममा ज्येष्ठ नागरिक र दीर्घरोगी रहेको चिकित्सकहरू बताउँछन्। बालबालिका पनि यसबाट प्रभावित हुनसक्ने सम्भावना रहन्छ। र, यो विषय मानिसको रोगप्रतिरोधी क्षमतासँग सम्बन्धित छ। एक अध्ययनले उष्ण क्षेत्रमा पर्ने देशहरूमा वर्षैभरि मौसमी फ्लू देखिने गरेको देखाएको विज्ञहरू बताउँछन्।

## अर्जुनधारामा ...

उल्लेख गरिएको छ।

स्वास्थ्य कार्यालय झापाबाट नगरपालिकालाई प्राप्त भएको जम्मा ३५ सय डोजमध्ये आवश्यकताको आधारमा असोज १० गते वडा नम्बरहरु २, ६, ८, ९ र १० र असोज ११ गते वडा नम्बरहरु १, ३, ४, ५, ७ र ११को साविकको खोप केन्द्रहरुमा खोप लगाइने कार्यालयले जनाएको छ।

त्यस्तै असोज ११ गते नै यस अघि छुट भएका शिक्षक, १८ वर्षमाथिका विद्यार्थीहरु, उद्योग वाणिज्य संघ, चेम्बर्स अफ कमर्शका पदाधिकारी तथा तोकिएको अत्यावश्यक सेवा प्रदायकहरुलाई वडा नम्बर ९को शनिश्चरे अस्पतालमा खोप स्टक रहेसम्म खोप लगाउने कार्यक्रम रहेको छ।

बैठकमा कार्यपालिका सदस्यहरु गोपीचन्द्र गौतम, दुर्गाप्रसाद दाहाल, ध्यानबहादुर भारती, नवराम ढुंगाना, पुष्पकुमार प्रसाईं, रघुनाथ खनाल र रमेश त्रिखत्री, वडा सदस्यहरु दिलबहादुर सारु, भोला गौतम र होमनाथ दुलाल, स्वास्थ्य शाखा प्रमुख केशव रिजाल, कोभिड फोकल पर्सन मुकुन्द बस्नेतलगायतको सहभागिता रहेको थियो।


## जग्गा बिक्रीमा

झापाको कन्काई नपा-४ कृषि मार्गस्थित ५० फुटे ग्राभेल भएको १०० धुर र पर्यटकीयस्थल जामुनबारी सिमसार जाने बाटोमा रहेको १० धुर जग्गा बिक्रीमा छ।

सम्पर्क : ९८०८४५६५५१

## बिमालेख हरायो

बिर्तामोडबाट चारपाने जाने क्रममा यही मिति २०७८/०३/०५ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बीमा लेख हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- देवीप्रसाद दंगाल
**ठेगाना**:- बिर्तामोड नपा- १०, झापा
**बीमालेख नं.**:- २०२०४९७६१
**कम्पनी नाम**: नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.
**सम्पर्क**: ९८४१३५१३६८

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## अब बिर्तामोडमा घर-घरमै स्वास्थ्य सेवा

## VARANNYA HEALTHCARE AT HOME

**तपाईंको स्वास्थ्य सेवामा नौलो प्रयोग !**
**के यो सम्भव छ ?**

*यसलाई सम्भव र सफल बनाउने हाम्रो सपना र प्रतिबद्धता*

- तपाईं सूचना दिनुहोस् हामी तपाईंका रोग सम्बन्धी विशेषज्ञ डाक्टरका साथ घरमै आएर उपचारमा संलग्न हुनेछौं।
- उपचारको पहिलो चरणमा अस्पताल धाउनु पर्ने र अनेक झन्झटबाट मुक्त गर्नेछौं।
- तपाईंको उपचार सेवाका बारेमा आवश्यक प्राथमिक उपचार, परामर्श तथा विशेषज्ञ सेवाका लागि हामी तत्पर छौं।

**उपलबध हुने सेवाहरू**

- चिकित्सकीय सेवा
- ल्याव सेवा
- कोभिड-१९ सम्बन्धी सेवा
- नर्सिङ सेवा
- फिजियोथेरापी सेवा

**तपाईंहरुको सेवामा समर्पित**

**वरेण्य हेल्थकेयर सर्भिस क्लिनिक प्रा.लि.**
**बिर्तामोड-१, झापा (सम्पर्क नं. ९८२४०६६०५२)**

*उल्लेखित सेवा बाहेक हाल महामारीको रूपमा रहेको कोभिड-१९ को संक्रमणविरूद्धको हाम्रो अभियान अन्तर्गत निम्न सेवाहरूका लागि पनि हामी प्रतिबद्ध छौं।*

- रुघा, खोकी, झाडापखाला, जिउ दुख्ने जस्ता लक्षण देखिएमा कोभिड-१९ को संक्रमण हुनसक्छ। यस्तोमा Home Care Management अन्तर्गत प्रदान गरिने सहज सेवाहरु :
- RAT Antigen Test अथवा PCR Test, रगतको परीक्षण, एक्स-रे, सीटी स्क्यान (CT–Scan)
- उल्लेखित सेवामा विज्ञ चिकित्सकको निगरानी तथा Paramedical Team द्वारा घरदैलोमा सेवा।

*रिपोर्ट पोजेटिभ आए :*

होम आइसोलेसन प्याकेज अन्तर्गत :

- डाक्टर (M.O.) Visit
- कन्सलेन्ट डाक्टरको परामर्श सेवा
- विज्ञद्वारा कोभिड सुरक्षा शिक्षा
- विज्ञद्वारा पोषण शिक्षा
- डाक्टरद्वारा Home Isolation Support का लागि प्रत्यक्ष सेवा।

**Post-Covid Management**

कोभिड उपचारपछि अस्पतालबाट घर फिर्नु भएको छ र चिकित्सकीय सेवा आवश्यक छ भने डाक्टर, नर्स, पारामेडिकल तथा टेली कन्सल्टेन्ट सेवा

- पोस्ट कोभिड सुरक्षा सम्बन्धी शिक्षा
- पोषण सम्बन्धी सेवा

**VARANNYA HEALTHCARE SERVICE**
CLINIC Pvt. Ltd.
Birtamode-1, Jhapa, Nepal, Mob.9824066052

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


## भद्रपुर नगरपालिका

भद्रपुर, झापा प्रदेश नं. १ नेपाल

## नदीजन्य पदार्थको बिक्रीको लागि बिद्युतीय बोलपत्र (E-Bid) आह्वान सम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मितिः- २०७८।०६।०६*

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) र यस भद्रपुर नगरपालिकाको आर्थिक ऐन, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७५, ढुंगा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ तथा भद्रपुर नगरकार्यपालिकाको मिति २०७८/०६/०१ को निर्णय अनुसार यस नगरपालिकाको अध्यावधिक आइइ प्रतिवेदनमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य सामाग्री उत्खनन् गरी भद्रपुर नगरिपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. ०६६/०७७ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसील बमोजिमका शर्तहरुका अधिनमा रही बिद्युतीय बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ।

तपसिल

| सि. नं | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन मि.) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | BDP/GOODS /RIVER/NCB -01-078-79 | मेचि नदी प्याकेज न.१ को नदीजन्य सामाग्री उत्खनन् तथा विक्री | २३५०० घ.मि.. | ३४,०१,७१७३७ (चौतिस लाख एक हजार सात सय सत्र रुपैया सैतिस मात्र ।) | कबोल अंकको ५(पाँच) प्रतिशत | ३०००।०० |
| २ | BDP/GOODS /RIVER/NCB -02-078-79 | हडिया तथा निन्दा नदी प्याकेज न.२ को नदीजन्य सामाग्री उत्खनन् तथा विक्री | १२३७५ घ.मि. | १५,९५,१३४।४१ (पन्द्र लाख पन्चानब्बे हजार एक सय चौतिस पैसा एकचालिस ) | कबोल अंकको ५(पाँच) प्रतिशत | १०००।०० |
| ३ | BDP/GOODS /RIVER/NCB -03-078-79 | देउनिया नदी प्याकेज न.३ को नदीजन्य सामाग्री उत्खनन् तथा विक्री | ६००० घ.मि. | ९,०१,८५६।८१ (नौ लाख एक हजार आठ सय छप्पन्न रुपैया एकासी मात्र ।) | कबोल अंकको ५(पाँच) प्रतिशत | १०००।०० |

**शर्तहरुः-**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, भद्रपुर रहेको यस कार्यालयको खाता नं. २२१०१००३०१०१०००३ मा नगद जम्मा गरेको नगद भौचर यस सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तीस) औं अर्थात मिति २०७८।७।४ गते कार्यालय समय सम्म खरिद गरी र मिति २०७८।७।५ गते १२.०० बजेसम्म बोलपत्र फारम भरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गरी पेश गर्नु पर्ने छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुने आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक मा रहेको धरौटी खाता नं. २२१०१००३०३००००३ (कार्यालय कोड न. ८०१०१११२) मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्यादसहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०७८।७।५ दिनको १३:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

४. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेनछ।

५. यस कार्यालवाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग मानिनेछ।

*(नोटः विस्तृत जानकारीका लागि यस कार्यालयको website: www.bhadrapurmun.gov.npमा समेत हेर्न सकिनेछ ।)*

**नि. प्रमुख प्रशासकीय अधिकृत**
**भद्रपुर नगर कार्यपालिकाको कार्यालय**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

कविता/गजल

## गजल



तुलसा भट्टराई

मान्छेको व्यवहार र नारा फरक हुन्छ
जीवन जिउने शैली पारा फरक हुन्छ ।

आकाश र धर्तीको मिलन हुन सक्छ खै ?
हेनुहोस् न चन्द्र र तारा फरक हुन्छ ।

एकै कोखबाट जन्मिएका सन्तान पनि
सम्पत्तिमा हेर्नुस् भाइमारा फरक हुन्छ ।

दुःखपर्दा मलम् ? या नुनचुक छर्किने ?
हेर्नुहोस् न मायाको सहारा फरक हुन्छ ।

## शत्रू

आँखामा बिझाइरहने अनि,
आँशुहरूमा भेटिने शत्रूको
परिचय अनौठो हुन्छ ।
हृदयमा बसेर हृदय नै रेट्नेहरूको
परिचय अनौठो हुन्छ ।
प्रष्ट नाम नभन्ने,
खुलेर थर नलेख्ने,
ओझेलमा परेका त्यस्ता
ठेगानाहरूको अनुहार अनौठो हुन्छ ।
साच्चै,
अँध्यारोमा बिलाइ जान्छन् ।
लड्नु हुन्न भन्छन् फेरि स्वयम्
लडाएर जान्छन् ।
यहाँ पर्दा पछि लुकेर गर्ने
प्रहार शत्रूका अनौठा हुन्छन् ।

**– अमृता खरेल**

## आमा

माया र प्रेमको संसार देखायौ ।
ताते ताते गर्दै हिँड्न् सिकायौ ॥

आमा तिमी छौ कमलको बोट ।
म छु तिम्रै कमलको फूल ॥

आमाको माया छ अपार ।
सकिन्न कहिले यो प्रेमधारा ॥

बुझ्न, पढ्न र लेख्न सिकायौ ।
असल छोरो बन्ने बाटो देखायौ ॥

तिम्रो तो मिठो मुस्कानले ।
दिन्छ मलाई जहिले ऊर्जा अनि खुशी ॥

**– प्रतीक खनाल**
**बिर्तामोड–२, चारपाने**

# लुकाउ कान्छी तिम्रो गहना र सुर्केथैली कोही लुट्न आउँदैछन् !



भुवन तामाङ

लुकाउ कान्छी तिम्रो गहना र सुर्केथैली किनकि कोही लुट्न आउँदैछन् ! हो, छिटो लुकाउ कान्छी तिम्रो गहना र सुर्केथैली कोही लुट्न आउँदैछन् !

हल्ला चलिरा'छ कान्छी ! आजकाल शहरभरी, गाउँभरी, चौबाटो, चौतारा, सभा र कचहरीभरी वेगले । जो कोही बखान लाउँदैछन् सात समुद्रपारीको कुनै देशले हाम्रो देशलाई डलर दिन्छ रे । धेरै-धेरै नेताहरुको त सपना नै बनिसक्यो किनकि त्यो देश जसले नेपाललाई झिलिमिलि पारिदिन्छ रे । उज्यालो बेचेर कुस्त पैसा कमाउँछ रे हाम्रो देशले । अनि त्यो पैसाले हामी नेपाली धनी, सुखी र समृद्ध हुन्छौं रे । कतिपय नेता, अभियन्ता र बुद्धिजीवी समेतले दिउँसै यस्ता सपना देख्न थालेको धेरै भइसक्यो ।

नेता र अभियन्ताहरुले त जिब्रो लपलपाएका लपलपाएकै छन् किनकि त्यो सुदूर देशले नेपाललाई दिने सहयोग निकै नै मीठो छ रे । अम्रित भन्दा नि मीठो र टेस्टी । त्यो देशले नेपाललाई गर्ने सहयोग स्वीकार्नेहरुलाई त अर्बपति बनाइदिन्छ रे । अग्रिम बक्सीस पनि दिइसक्यो रे । जनताहरु चाहिँ तिनीहरु अर्बपति भएकै प्रभाव, राप, ताप र हावाले नै करोड पति बन्छन् रे ।

कान्छी ! तिमीले मलाई मुबिलको मुसेजमा लेखेथ्यौ कि, 'ओइ कान्छा ! अब तेरो माया पनि चाहिएन, कोशेली पनि चाहिएन किनकि अब एमसीसी आउँदैछ अरे । त्यसले हामी नेपाली केटीहरुलाई गरगहनाले झिरिभ्याँट्टै पारिदिन्छ रे । हाम्रो थैलीभरी पैसैपैसा भरिदिन्छ अरे । हामीलाई गोरा केटीहरु जस्तै गोरी गोरी बनाइदिन्छ अरे । अनि के-के हो के-के थुप्रै थुप्रै कुरा दिन्छ अरे । हाम्रो नेपाललाई सिंगापुर बनाइदिन्छ अरे । त्यसैले कान्छा तेरो केही चाहिन्न मलाई अब ।'

'हेर कान्छी ! तिमीले मलाई जे भन तिम्रो खुशी । गोरो छाला भएकाहरु पर्न थालेछ । ठीकै छ कान्छी ! तिम्रो जो इच्छा तर तिमीले जुन एमसीसीको कुरा गरेउ नि त्यसले तिमीलाई झिरिभ्याँट्टै चाहिँ होइन झल्लुङ्गट्वाँट चाहिँ अवश्यै पारिदिन्छ । बरु तिमीसँग भएको एकलालको गहना पनि लुटेर लग्ने छन् । तिम्रो सुर्केथैलीमा भएको दुमो पैसा पनि लुटेर लानेछन् । गोरा केटीहरु जस्तो गोरी बन्ने सपना बुन्दै छ्यौ नि, तिमीलाई तिनीहरुले अँगार र मोसो जस्तै कालो बनाइ दिनेछन् । अन्त्यमा तिम्रो धेरै कुरा लुट्ने छन् । त्यसैले लुकाउ कान्छी तिम्रो गहना र सुर्केथैली किनकि कोही लुट्न आउँदैछन् ! बिजुली चम्केको गतिमा लुकाउ कान्छी तिम्रो गहना र सुर्केथैली कोही लुट्न आउँदैछन् ।

अमेरिकी कार्यक्रम 'मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी)' प्रतिनिधिले त नेपालीहरुलाई हियाएर गरीबलाई ५९ अर्ब पच्दैन भनिन् रे । अमेरिकीहरुको पिछलग्गु नेपालका कतिपय राजनीतिज्ञ, विज्ञ र अभियन्ताहरु एमसीसी पाउन अमेरिकीहरुको जुत्ताको तलुवा चाट्दैछन् । यसैबीच नेपालका बहालवाला प्रधानमन्त्रीले भने कि, बुझ्नेले मात्र एमसीसीबारे बोल्नु नत्र नबुझ्नेले नबोल्नु । नेपालकै एक पूर्व प्रधानमन्त्रीले भने कि, नेपाललाई धनी बनाउनु छ भने एमसिसि चाहिन्छ । उनले थप भनेका छन्, एमसीसी आए नेपाल सिंगापुर बन्छ ।



अर्का पूर्व प्रधानमन्त्रीले पनि भने कि एमसीसी नेपालको हितमा छ । एक पूर्व अर्थमन्त्रीले भने कि एमसीसी नबुझ्नेहरु गवारहरु हुन् । उनले अरु थप भनेका छन् कि, कुकुरलाई घ्यू पचेन । उनले नेपालीहरुलाई कुकुर भने । एक नेत्रीले त एमसीसी नेपालमा ल्याउन हुन्न भन्नेहरुलाई मुखै छाडेर गाली गर्न थालेकी छन् । पश्चिमा राष्ट्रमा रहेका एक नेपाली राजदुतले भने अर्कै बाटो अपनाएर एमसीसी पास गराएरै छाड्नु पर्छ । अनि थुप्रै नेता, अभियन्ता र बुद्धिजीवीहरुले पनि भनेका छन् कि अमेरिकी परियोजना एमसीसी नेपाल आए नेपाल सिंगापुर बन्छ । तर, सिंगापुर बनाउन त्यहीँका लि क्वान जस्ता देशभित्रैको धनले देश बनाउने दुरदर्शी, राष्ट्रभक्त जाँगरिला र इमान्दार राजनेता चाहिन्छ भन्ने थाह रहेन छ । सिंगापुर अरुको सहयोगले होइन कि आफ्नै धन, मेहनत, बलबुता र बुद्धिले बनेको हो ।

हेर कान्छी ! एमसीसी एउटा निहूँ मात्र हो नेपाल छिर्ने अमेरिकाको । अमेरिकाले नेपाल लुट्ने र अरु धेरै उपद्रोह गर्नेछ । नेपालको संविधानभन्दा माथि रहने एमसीसी नेपाल आएमा नेपाल सरकार र नेपालका सबै सरकारी संयन्त्र एमसीसीको शाखा कार्यालय जस्तै मात्र हुने छन् । एमसीसीले जे भन्यो त्यही मान्नुपर्ने हुन्छ । नेपालमा नेपालको राष्ट्रिय झण्डा पनि ठड्याउन पाइने छैन । अमेरिकी झण्डा ठड्याउनु पर्नेछ । नेपालीहरुको टाउकामा अमेरिकी सेनाका बुटले कुल्चने छन् ।

कतिपय नेताले चाहिँ भने है, एमसीसीको पक्षमा बोल्नेहरु दलालहरु हुन् । एक प्राध्यापकले स्टाटल लेखे- 'एमसीसी भनेको अमेरिकाले खान नसकेर छाडेको हड्डीका टुक्रा मिसिएको जुठो भात हो । नेपालका नेता यस्ता रयलपयल हड्डीमा बिक्छन् भन्ने सुँइको पाएपछि अमेरिकाले नेपाललाई उब्रेपाब्रेको जुठो, बासी हड्डी र भात ख्वाउन लागेका हुन् ।' एमसीसी नेपालको हितमा हुनेगरी पुनरलेखन गरेर मात्र स्वीकार्नु पर्ने धेरै विज्ञहरुले बताएका छन् । तर, एमसीसीका लागि हाम्रो देश, सत्तासिनहरुले अमेरिकालाई सुम्पने छाँट देखाउँदैछन् । नेपालको संविधानभन्दा एमसीसी माथि रहने भन्ने प्रावधानले यही अर्थ लगाउँदछ ।

एमसीसी पक्षकाहरुको रोइलो टिठ लाग्दो छ मानौं उनीहरुको जायजेथा लुटिएको होस् । उनीहरुलाई यस्तो लागेको हुनुपर्छ मुखैमा आइसकेको अर्बौं डलर उम्कियो । बिकाउहरुलाई यस्तो लाग्दैछ कि हातमा आइसकेको डलर, डलरे जागिर र छोराछोरी, नातानातिनीका लागि अमेरिकाको भिसा, शिक्षा र ग्रीन कार्ड खोसियो । त्यसैले एमसीसी पक्षधरहरु कोकोहोलो मच्चाइरहेका छन् । सित्तैमा आएको धन र अवसरहरु चैट हुने ठानेर विक्षिप्त हुँदैछन् । त्यसैले होला एमसीसीको बिरोध गर्नेहरुको टाउका र ढाडमा सरकारले लाठी र बुट बर्साएको छ र कतिपयलाई हत्कडी लगाएको छ ।

हेर कान्छी ! अमेरिकीहरु जहाँ-जहाँ पसे ती देशहरु सिंगापुर होइन झिंगापुर बनाइदिएका छन् । अमेरिकी पसेका देशहरुका लाखौं जनताहरुलाई निर्मम किसिमले मारेका छन् । ती देश र जनताका धन लुटेका छन् । जनताका छोरीचेलीहरुका गरगहना र धन लुटेका छन् । अनि भन्छ्यौ कान्छी ! तिमी एमसीसी आएपछि हामी गहनाले झिरिभ्याट्ट हुनेछौं । यी सब झुट् हुन् ।

एमसीसी नेपाल पसेमा हेर कान्छी ! तिम्रो तिलहरी, मडवरी, नाकको झम्के बुलाकी, कानमा लाउने टप र रिङ्ग टीका, फुली, शीरविन्दु, चेप्टेसुन, जन्तर, चन्द्रहार, रेजी र हारी अनि औंठी सबै सबै लुटी लाने छन् । तिम्रो थैलीमा रहेका पैसाहरु, पेवापात सबै लुट्ने छन् अनि लुट्ने छन् तिम्रो धेरै कुराहरु । यति मात्र होइन कान्छी हामी नेपालीले मानिल्याएका हाम्रो देश चिनाउने धेरै कुरा लुट्ने छन् । हाम्रा राष्ट्रिय प्रतिकहरु लुट्ने छन् । अमेरिकीहरुले गाई, गौमाता लुट्ने छन् र दिनदिनै हाम्रै अगाडि काटेर खाने छन् । गौमाता, बाच्छीहरु र बाच्छा, बहर अनि गोबर्धन देवताहरु केही बाँकी राख्ने छैनन् । हाम्रो बहुमूल्य सम्पदाहरु लुटिने छन् । विरोध गर्ने नेपालीहरुलाई बुटले कुल्चने छन् र गोलीले उडाइदिने छन् । हाम्रा घरहरु जलाइदिने छन् ।

एमसीसीप्रति जतिपनि बिरोध भइरहेका छन्, त्यो अमेरिका आफ्नै कारणले हो । नाथे आधा खर्ब रकम दिनलाई अमेरिकी कार्यक्रम नेपालको संसद, सरकार, कानून, संविधान र नेपाली जनताभन्दा माथि हुनुपर्ने ? ल नेपालले नै अमेरिकालाई दोब्बर आर्थिक सहयोग दिन्छ, के नेपाली सहयोग कार्यक्रम अमेरिकी संविधानभन्दा माथि हुन दिन्छ अमेरिकाले ?

अमेरिकाले भन्यो रे एमसीसी नेपालले नस्वीकारे आर्थिक नाकाबन्दी लगाइदिन्छु । बरु ढिलो नगरी आर्थिक नाकाबन्दी गरिदेओस् । अमेरिकाले आफ्ना नीति मिल्ने देशहरु र बैंकहरुलाई पनि भनि देओस् कि नेपाललाई आर्थिक नाकाबन्दी गर । नेपाल आफ्नै बलबुतामा अघि बढ्नेछ । दश वटा सिंगापुरभन्दा समृद्ध बन्ने छ चाँडै । अनि नेपाल चाँडै खर्बौं डलर आर्थिक दान गर्ने स्तरमा पुग्नेछ ।

तैपनि नेपाल सरकार, सत्तारुढ दलहरु र विदेशी पैसाका लागि देश दाउमा राख्ने नेता, अभियन्ता र कथित् बुद्धिजीवीहरु जसरी भए नि एमसीसी नेपालमा ल्याएरै छाड्छौं भन्दै छन् । त्यसैले लुकाउ कान्छी तिम्रो गहना र सुर्केथैली किनकि कोही लुट्न आउँदैछन् ! यदि 'नेपाल विद्युत प्राधिकरण' मातहत रहनेगरि एमसीसी आउँछ भने ओ के छ त । होइन त कान्छी ?

कान्छी ! अरु धेरैले जस्तै तिमीले तिम्रो विचार राख्यौ, मैले मेरो विचार राखेँ दुबै बराबर । अनि के को लागि तिमी हाम्रो मुया पिरतीको डोरीको पोयो खुस्काउन खोज्दैछ्यौ ? अहिलेलाई यत्ती । तिमीलाई औधी मुया गर्ने तिम्रो उही लोर्के कान्छा ।'

कथा

# भलाई...



रामबाबु सुवेदी

'ओइ कता हिँडिस हौ लठुवा ?' माइला बा हतारमा जङ्गलतर्फ जाँदै गरेको देवेन्द्रलाई हेर्दै भन्छन् ।

'घाँस काट्न जङ्गल हिँडेको बा ।'

'यसरी कति दिन घाँस दाउरा गर्छस् अब केही कमाउनतर्फ ध्यान दे ।' बा बिडी खादै धुँवा छाडेर प्रश्न गर्छन् ।

'आ... बा म सबै काम गरिरहेको छु । मलाई केही चिन्ता छैन भने तपाईं बेकार के चिन्ता गर्नुहुन्छ ?' हतारमा देवेन्द्र हातमा लिएको हसियाले छेउको बोटबिरुवामा जोरले हान्दै त्यहाँबाट अगाडि लम्किन्छ ।

जङ्गलमा घाँस काट्दा बेग्लै मजा आउँछ देवेन्द्रलाई । ऊ बेला-बेला सिकार गर्न पनि रुचाउँछ । जङ्गलमा आउने जो कोहीसँग ऊ मिलेर सिकार गरौं भनि खरायो, बट्टाई, दुम्सी जङ्गली कुखुरा आदि समाउन ऊ जाल निर्माण गर्छ ।

जङ्गलमा एक्लै बेला-बेला जङ्गली जनावरको दुरुस्त आवाज निकाल्न ऊ सिपालु छ । सारा गाउँलेलाई बेला-बेला बाघ वा चितुवा, जङ्गली बँदेल आएको जस्तै गरी ऊ झुक्याउन माहिर हुन्छ । गाउँलेहरु भने उसको बाल प्रवृत्तिले आजित भएका छन् ।

साझमा एक भारी घाँस बनाएर ऊ घर फिर्दै गर्दा अलिकमाथि डाँडाबाट फेरि आवाज गुञ्जिन्छ । 'देवेन्द्र त राम्ररी पढ्न पनि सकिनस् न केही काम गर्छस् । यस्तो लाठे भै सकिस अलिकति नि लाज लाउँदैन तलाई ?'

देवेन्द्र पुलुक्क माथि फर्केर हेर्दा माइली आमा घाँस काट्दै आवाज दिएकी रहिछन् ।

देवेन्द्र रिसले आगो बन्छ । ऊ कृतिम भाव निकाली आफूले ल्याएको घाँसको भारी थ्याच्च भुइँमा फ्याल्दछ । ऊ जङ्गिएर माइली आमातर्फ कराउँछ 'ए बुढी तिम्रो के खाइदेको छु र यसो भन्छौ ।'

ज्वालामुखी झैं देखिएको देवेन्द्र हेरी माइली आमा डराउँछिन र त्यहाँबाट घरतर्फ दौडिन्छिन् ।

ऊ माइली आमाको बर्षौंदेखि सोधिने प्रश्नसँग आजित भएको पाउँछ । 'देवेन्द्र त बुढो भइसकिस अब त काम गर ।' माइली आमा उसको घर राम्रो बनाउन पटक-पटक देवेन्द्रलाई शुद्ध मनले सम्झाउँथिन् । तर, देवेन्द्र भने भित्रभित्रै आफूलाई खोक्रो पाए झैं सम्झन्थ्यो । ऊ मानसिकरुपमा विक्षिप्त बनेको आभाष गर्न सकिन्थ्यो ।

(केही दिनपछि)

'देवेन्द्र तलाई बिहे गर्न मन छैन क्या हो ?' भाइ तर्फ हेर्दै दाजु (माइला बा को छोरो) प्रश्न गर्छन् । ऊ थप भन्छ- 'यस्ता अगतिलालाई कसले छोरी दिन्छ ? अलिक मेहनत गर काम गर पैसा कमा ।'

'दाइ तपाईं त मलाई साथ दिनु । मेरो भाग्यले होला म केही गर्न सकेको छैन ।'

'भाग्यमा विश्वास होइन मेहनत गर । परिश्रम गरे फल पाइन्छ त अल्छी छस् मुर्दार ।'

'कसलाई अल्छी भन्या दाइ ? बोली सुधार गर ।' देबेन्द्र एकासी जङ्गिन्छ ।



दाजु झन् दन्किएको आगोमा घिउ थप्छन्- 'देवेन्द्र अब लायकको बन यस्तो नालायक नबन है ।'

देवेन्द्र त्यही रिसको झोकमा दाइको कठालो समात्न खोज्छ । वातावरण तातिन्छ । एकछिन उनीहरु बीच घम्साघम्सी हुन्छ ।

माइला बा र आमा आएर छुट्याउन खोज्छन् । निकै बल गरेपछि बल्ल उनीहरुको युद्ध रोक्छन् । माइला बा देवेन्द्रतर्फ हेर्दै भन्छन्- 'यो गोठालोलाई जति उपदेश दिए पनि गोठकै बास गर्ने पऱ्यो । बुद्धिमा धमिरा लागेछ यसका । केही नभन है छोरा ।'

देवेन्द्र कि आमा आएर उसलाई घर लैजान्छिन् । आमा आफ्नो छोरालाई घरमा लागि सम्झाउँछिन् । 'बाबु विदेश जान पनि त तेरो बुद्धिले भ्याउँदैन । त सँग पैसा पनि छैन आखिर कति दिन यसरी बस्छस् ?' आमा थप भन्छिन्- 'हेर आज तेरा माइला बा को कति राम्रो घर परिवार छ । अनि हामी चाहिँ सधैं दुःखमा बस्ने ?'

'आमा म सुख दिन्छु तपाईलाई नरुनु । यो आँशुको बदला म लिएर छाड्छु ।' अलिक शान्त हुँदै देवेन्द्र आमालाई आशावादी बनाउँछ । 'हेर त पनि काम गर । यी अरुलाई भन्ने मौका न दे । उनीहरुले हितमा भनेका हुन् तर त बुझ्दैनस् । केही काम गर बाबु ।'

'आ... अब तपाईं पनि यस्तो कुरा नगर्नुस् ।' झर्किदै देवेन्द्र उठेर गाईको गोठतर्फ लाग्छ । ऊ निकैबेर हराउँछ । आमा यताउति खोज्छिन्, तर अह् ऊ भेटिँदैन । दुई-तीन घण्टापछि ऊ फर्किएर आउँछ ।

उसको हातमा एउटा चिरपट देख्छिन् आमाले । चिरपटमा रगत दलिएको हुन्छ । देवेन्द्र देवेन्द्र रहेन अब ऊ त कठोर हृदय भएको राक्षस झैं भयो । आमा डराएर माइलाबा को घरतर्फ दौडिन्छिन् । देवेन्द्रको यो अवस्था देख्दा ऊ मानसिकरुपमा कति ग्रसित छ भन्ने प्रष्ट हुन सकिन्छ ।

देवेन्द्र बिस्तारै आफ्ना शरीरको दाग मेटाउन लाग्छ । अगेनामा चिरपट हालेर आज त्यही दाउराले पाकेको खाना खान तयार हुन्छ ।

'लु अब भन मलाई कसैले नालायक, बेकामे, आदि इत्यादि । आजबाट कसैले मलाई केही भन्ने छैन ।' जोड जोड्ले हाँस्दै देवेन्द्र नुहाउन र कपडा धुन थाल्छ ।

चिरपट बेस्सरी बल्छ । लाग्छ यो देवेन्द्रको युद्धको जित हो र मानवताको हार ।

भलाई गर्ने जमाना छैन अहिले । यहाँ त राम्रो सोच्दा यस्तै हुने चलन छ । गाउँ, समाजमा धेरै उदाहरण छन् । देवेन्द्र एउटा पात्र मात्र हो ।

कविता

## चुपचाप चुपचाप

रित्याई छाती, पोखिन वह,
खोज्दैछ दाउ चुपचाप चुपचाप ।

लुकाई पीडा, देखायो हाँसो,
बढ्दैछ घाउ चुपचाप चुपचाप ॥

बर्सन्छ झरी, चुहिन्छ धुरी,
रूइद्छ छाती चुपचाप चुपचाप ।

खोज्दै सहारा, नभेट्दै किनारा,
डुब्दछ नाउ चुपचाप चुपचाप ॥

दर्कन्छ सावन, सल्कन्छ छाती,
पग्लन्छ मन यो चुपचाप चुपचाप ।

तरङ डरको, जिन्दगी भरको,
मनको तलाउ चुपचाप चुपचाप ॥

खोजुँ सहारा, रोजुँ म खै को ?
खै को बोलाउँ चुपचाप चुपचाप ।

जप्दैछ जनले, सम्झन्छ मनले,
कृष्ण कै नाउँ चुपचाप चुपचाप ॥

**– भावना शर्मा**

